# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## सबैको योजना सबैको विकास (स्वर्णिम योजना)

पुनः सूचना प्रकाशित मिति :२०८०/६/२२

काठमाडौ महानगरपालिकाको आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रममा महानगरको स्वर्णिम योजना अन्तरर्गत **"सबैको योजना सबैको विकास"** कार्यक्रम संचालन गर्ने नीति रहेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ-संस्था, विभिन्न निकाय, समुदाय, क्लब, टोल विकास संस्था, सरकारी, गैर सरकारी सहकारी तथा नीजि संस्था तथा अन्य साझेदारी निकायको सहकार्यमा न्युनतम लागत ५०% लगानी हुने गरि कम्तिमा २० लाखदेखि बढीमा २ करोड सम्मको ( महानगरपालिकाको बढीमा ५० लाख सम्मको ) तपशिल बमोजिमका क्षेत्रहरुमा कार्य गर्न इच्छुक फर्म/संस्था/निकायले सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र आवश्यक कागजात सहित तोकिएको ढाँचामा अवधारणा पत्र पेश गर्न सूचित गरिन्छ । विस्तृत जानकारीको लागि महानगरको वेवसाइट **www.kathmandu.gov.np** मा हेर्न सकिने व्यहोरा समेत जानकारी गराइन्छ ।

अवधारणापत्रको ढाँचा : https://forms.gle/SRF6innxeqi1qUir5

**तपशिल**

| क्र.सं. | सम्भावित क्षेत्रहरु |
|---|---|
| १ | स्थानीय आर्थिक विकास |
| २ | काठमाण्डौ महानगरको आब २०८०।८१को बार्षिक बजेट तथा कार्यक्रममा नपरेका स्थानीय तहको एकल अधिकारका क्षेत्रहरु तथा साझा अधिकारका क्षेत्रहरु सग सम्बन्धित स्थानीय बिकासका कार्यहरु |
| ३ | स्थानीय सेवा प्रवाह |
| ४ | फोहोरमैला ब्यवस्थापन |
| ५ | बिद्युतीय शुसासनका क्षेत्र |
| ६ | स्थानीय तहको संस्थागत स्वमूल्याङनका सूचकका विशेष क्षेत्र |
| ७ | स्थानीय तहको वित्तीय सुशासनका क्षेत्र |
| ८ | एकीकृत स्थानीय विकास योजना |
| १० | एकीकृत बस्ती विकास जग्गा ,एकीकरण तथा शहरी पुनरूत्थान योजना |
| ११ | सामाजिक उत्तरदायित्व विधिहरुको पालना |
| १२ | नमूना टोल सुधार सस्था/टोल बिकास सस्था |
| १३ | तथ्यमा आधारित निर्णय प्रक्रिया |
| १४ | उत्थानशील विकास तथा विपद व्यवस्थापन |
| १५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरणका संभाहकहरु |
| १६ | शिक्षा, स्वास्थ्य, , खानेपानी, सरसफाईका क्षेत्रहरुमा नविनतम सोचहरु |
| १७ | शहरी गरिवी न्यूनिकरण |

| | |
|---|---|
| १८ | जीविकोपार्जन सुधारका क्षेत्रहरू |
| १९ | सार्वजनिक सेवामा एकद्वार प्रणाली |
| २० | सूचना प्रविधि र सार्वजनिक सूचनामा जनताको पहुँच वृद्धि |
| २१ | बिपद् ब्यवस्थापन तथा जोखिम संवेदनशील भूउपयोग योजना |
| २२ | खेलकुद बिकास तथा प्रवर्धनका क्षेत्रहरु |
| २३ | भाषा साहित्य र कला क्षेत्र सग सम्बन्धीत क्षेत्रहरु |
| २४ | बाल बिकास बाल श्रम उन्मुलन बाल स्वास्थ्य बाल अधिकार बाल मनोबिज्ञान सम्बन्धी कार्यक्रमहरु |
| २५ | वातावरण सरक्षण सम्बर्धन र बिकास सम्बन्धी कार्यहरु |
| २६ | सम्पदा सरक्षण प्रबर्धन र सास्कृतिक प्रबर्धन सम्बन्धी कार्यक्रमहरु |
| २७ | पर्यटन बिकास सम्बन्धी कार्यक्रमहरु |
| २८ | आर्थिक सामाजिक रूपमा पछाडि परेका वर्गहरूको आर्थिक सामाजिक रूपान्तरण |
| २९ | नवप्रवर्तनका अन्य क्षेत्रहरू |
| ३० | नवप्रवर्तन योजनाको अभिन्न अङ्गको रुपमा रहेका अत्यावश्यक पर्ने उपकरण, प्रणाली, प्रविधि र सेवा प्रवाहसँग सम्बन्धित विषयहरु। |
| ३१ | स्थानीय आर्थिक विकासका क्षेत्रमा प्रत्यक्ष योगदान दिने नवीनतम प्रविधि तथा उपकरणहरु |

**प्रस्ताव पेश गर्दा तपसिल बमोजिम कागजात सहित पेश गर्न हुन ।**

१. ढाँचा अनुसारको अवधाराणा पत्र
२. आ.ब. २०८०/०८१ मा गर्ने कार्यक्रमको आर्थिक प्रस्ताव सहितको प्रस्ताव ।
३. गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन
४. कर चुक्ता प्रमाण पत्र
५. संस्थाको विधान/प्रवन्धपत्र
६. स्थायी लेखा नम्बर दर्ता /मुअकर दर्ता प्रमाणपत्र
७. सूचि दर्ता प्रमाणपत्र
८. इजाजत लिनुपर्ने भए सो को प्रमाणपत्र हालसम्म गरेका समान प्रकृतिको कार्यक्रमहरुको विवरण